नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाँचथर, फिदिम

मिति २०७८।०१।२६

## पाँचथर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा छिमेकी जिल्लाहरुमा समेत संक्रमण तीव्ररुपमा बढिरहेको र पाँचथर जिल्लामा कोभिड- १९ को संक्रमणको अवस्थालाई मध्यनजर गरी उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा-२ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा-६ को उपदफा-३ बमोजिम प्रमुख जिल्ला अधिकारीलाई दिएको अधिकार प्रयोग गरि **मिति २०७८/०१/२७ गते सोमवार मध्यराती १२:०० बजेदेखि मिति २०७८/०२/०३ गते सोमबार मध्यराती १२:०० बजेसम्म** पाँचथर जिल्लाभर लागू हुने गरी देहाय बमोजिमको निषेधाज्ञाको आदेश जारी गरिएँको छ। यो आदेशको पालना गर्नु/गराउनु सबै व्यक्ति, संघ, संस्था पेशाकर्मी व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ। यो आदेशको उल्लघंन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

देहायः-

**सर्वसाधरणको हकमा**

- अत्यावश्यक काम, औषधी खाद्यबस्तु तथा अत्यावश्यक बस्तु वा सेवा खरिद बाहेक घरबाट बाहिर ननिस्किने।
- नेपाल सरकारद्धारा जारी गरिएका स्वास्थ्य सम्बन्धी मापदण्ड जस्तैः- सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्डहरु, जस्तैः साबुन पानीले हात धुने, माक्स र सेनिटाईजरको प्रयोग अनिवार्य रुपमा गर्ने।
- हाट वजार, मेलाजात्रा, महोत्सव, पार्टी, भोज लगायतका भिडभाड हुने कार्य नगर्ने एवं नगराउने।
- COVID-19 को लक्षण देखिएका वा अन्य यस्तै किसिमको स्वास्थ्य समस्या देखिएमा नजिकको आईसोलेसन सेन्टर वा कोभिड उपचार अस्पतालमा सम्पर्क राख्ने।

**सरकारी/सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्था संचालन सम्बन्धमा**

- सरकारी र सार्वजनिक कार्यालय तथा बैंक/वित्तीय संस्थाहरुमा अनावश्यक भिडभाड हुन नदिने र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालयमा आलोपालो पद्धति अनुसार कर्मचारी खटाई काम सुचारु राख्ने व्यवस्था मिलाउने। घरबाटै गर्न सकिने कामको हकमा Work From Home को व्यवस्था गर्ने, यसरी आलोपालोमा अनुपस्थित हुने कर्मचारीको हकमा कार्यालय प्रमुखले कोभिड काज जनाउने। साथै सरकारी, सार्वजनिक र अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालय प्रयोजनार्थ कार्यालयको परिचय पत्रका आधारमा सवारी साधन प्रयोग गर्न दिने।

पुण्य प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

**विवाह तथा मृत्यु संस्कार सम्बन्धमा**

- विवाहको लागि दुलाहा दुलही सहित बढिमा २ वटा सवारी साधनमा १५ जनासम्म व्यक्ति व्यानर राखेर स्वास्थ्य मापदण्को पालना गरी जिल्ला भित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति पास आवश्यक नपर्ने ।
- विवाह (दुलाहा दुलही सहित) तथा ब्रतबन्ध आयोजनाका लागि २५ जना भन्दा बढी नहुने गरी अनिवार्य स्वास्थ्य मापदण्ड पालना हुने गरी सहभागी हुन पाउने ।
- मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागी हुनु पर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिस) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नु पर्ने ।

**सीमा नाका सम्बन्धमा**

- विश्व व्यापी रुपमा फैलिदै गईरहेको कोभिड-१९ संक्रमण अत्याधिक बढिरहेकोले सोको नियन्त्रणका लागि पाँचथर जिल्लाको सीमा नाकाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य मापदण्ड पालना गर्ने गरी आवत जावत गर्न दिइने ।
- पाँचथर जिल्लाको सीमा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा कोभिड अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने । यसको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउने।

**सभा सम्मेलनको हकमा**

- सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमिनार, भेलाजम्मा जस्ता कार्यहरु संचालन गर्न नपाइने ।

**सञ्चार माध्यमको हकमा**

- सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित संचार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवत जावत गर्न दिईने ।

**विविध**

- अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृतिम अभाव सिर्जना गर्ने, मूल्य वृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही गर्ने ।
- आदेशको अवहेलना गर्ने वा काममा बाधा पुर्‍याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

७८।१।२९

पुण्य प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

**पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमा**

- दैनिक अत्यावश्यक पर्ने खाद्यान्न, खाना पकाउने ग्यास, तरकारी फलफूल, दुध तथा दुग्धजन्य पदार्थहरु, निर्माण सामग्री लगायत अत्यावश्यक पसल व्यवसायहरु विहान ०५:०० बजेदेखि बिहान ०९:०० बजेसम्म सञ्चालन गर्ने। अन्य पसल तथा व्यवसाय पूर्ण रुपले बन्द गर्ने।
- होटल तथा रेष्टुरेन्टहरुमा भेटघाट तथा जम्मा हुने गरी सेवा प्रदान गर्न नपाइने तथा मदिराजन्य पदार्थको बिक्रीबितरणलाई पूर्ण रुपमा निःषेध गर्ने।
- सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, पार्क, सैलुन, ब्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद (ब्याडमिन्टन, फूटबल तथा भलिबल आदि)पुस्तकालय, संग्रहालयआदि सञ्चालन गर्न नपाईने।

**सवारी साधन सञ्चालन सम्बन्धमा**

- अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन (चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे) मिति २०७८ बैशाख २७ गते राती १२:०० बजेदेखि २०७८/०२/०३गते, राती १२:०० बजेसम्म पाँचथर जिल्लाभर सञ्चालनमा पूर्ण रुपले रोक लगाउने।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, ईन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध, तथा दुग्धजन्य पदार्थ, पशुपंक्षी तथा पशुपंक्षीजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाकसेवा लगायतका सवारी साधनहरु विषय उल्लेख गरी स्वास्थ्य सम्बन्धी निर्धारित मापदण्ड अपनाई सञ्चालन गर्न पाउने।

**उद्योग, कल-कारखाना र निर्माण कार्य संचालन सम्बन्धमा**

- उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म कम जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसर भित्रै मिलाउने, छुट्टै क्वारेनटाइनको व्यवस्था सम्बन्धित उद्योगले गर्ने।
- राष्ट्रिय गौरब र महत्वका आयोजना/परियोजनाको निर्माण कार्यलाई स्वास्थ्य सम्बन्धि निर्धारित मापदण्ड अपनाई निरन्तरता दिने। निर्माण सामाग्री बोकेका सवारी साधन चल्न पाउने।
- सार्वजनिक तथा निजी निर्माण कार्य गराउँदा कामदारलाई स्वास्थ्य सम्बन्धि निर्धारित मापदण्ड अपनाईनिर्माण स्थलमा नै राख्ने व्यवस्था मिलाएर सञ्चालन गर्ने र वाहिरी जिल्लाबाट कामदार ल्याउँदा वा पठाउँदा अनिवार्य रुपमा जिल्ला प्रशासन कार्यालयबाट अनुमती लिने।

७८/१/२६

पुण्य प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी